# उर्लाबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# उर्लाबारी, मोरङ ।

सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उर्लाबारीले सार्वजनिक गरेको सूचना सम्बन्धि विवरण :

आ.व. २०८२/०८३ को साउन देखि असार मसान्तसम्मको विवरण :

## (१) निकायको स्वरूप र प्रकृति :

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिब ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३/११/२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिकाको रुपमा कार्यान्वयन एक नगरपालिका हो । मोरङ जिल्लाकै नमूना नगरको रुपमा परिचिति हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ भने यस नगरपालिकाको क्षेत्रफल भने ७४.६२ वर्ग कि.मि. रहेको छ । समुद्री सतहबाट २६.६७ डिग्रि उत्तरी अक्षांश तथा ८७.६१ डिग्री पूर्वी देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार यस नगरमा ७०,९०८ जनसंख्या मध्ये ५३ प्रतिशत महिला र ४७ प्रतिशत पुरुष सहित १७६५० घरपरिवार रहेको पाइन्छ । अधिकांश भू-भाग खेतियोग्य जमिन भएता पनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडि (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र क्रमिक रुपमा मानिसको बसोवास वृद्धिसँगै नगर क्षेत्रको रुपमा विकसित भएको मान्न सकिन्छ । उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते, सुनझोडा सिमसार हुनु र यसको प्रबर्द्धनमा नगरपालिका र स्थानीय स्तरमा भएको प्रयासले उर्लाबारी नगरपालिले पर्यटन विकासमा बढी मात्रामा संभावना बोकेको देखिन्छ । संघीय संरचना अनुसार हाल उर्लाबारी नगरपालिका ९ वटा वडाहरुमा विभाजन गरिएको छ ।

यस नगरपालिका नेपालको संविधान तथा नेपाल सरकारद्वारा जारी स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित नेपालको कानून तथा यस नगरपालिकाद्वारा पारित ऐन, नियम, निर्देशिका तथा अन्य आवश्यक कानूनी व्यवस्था बमोजिम संञ्चालन हुन्छ ।

## (२) निकायको काम, कर्मव्य र अधिकार :


क. नेपालको संविधानको धारा र अनुसूची ८ बमोजिम स्थानीय तहको सरकारले गर्ने कार्यहरु :

- भाग १७ बमोजिम स्थानीय सरकार (कार्यपालिका) सम्बन्धि सम्पूर्ण कार्यहरु
- भाग १८ बमोजिम स्थानीय व्यवस्थापिका सम्बन्धि सम्पूर्ण कार्यहरु
- भाग १९ बमोजिम स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धि सम्पूर्ण कार्यहरु
- भाग २० बमोजिम संघ, प्रदेश र स्थानीय तहबिच अर्न्तसम्बन्धमा स्थानीय तहको दफाहरुमा उल्लेख भएका सम्पूर्ण कार्यहरु
- अनुसूची ८ बमोजिमको अधिकारका सूचिहरु उल्लेख भएका सबै कार्यहरु
- अनुसूची ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकारका सूचिमा उल्लेख भएका र संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको जिम्मेवारीमा आउने सबै कार्यहरु
- उर्लाबारी नगरपालिकाको कार्यपालिका तथा व्यवस्थापिकाबाट पारित भएका सबै ऐन, नियम तथा कार्यविधिहरुले निर्धारण गरेका सम्पूर्ण कार्यहरु
- अन्य स्थानीय सरकारले गर्ने कार्यहरु

ख. नेपाल सरकारद्वारा जारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदत्त गरेका नगरपालिकाको काम, कर्तव्य र अधिकार बमोजिमका कार्यहरु ।

## (३) निकायको संगठनात्मक तालिका :

नगर सभाबाट स्वीकृत उर्लाबारी नगरपालिकाको संगठन संरचना :




## स्वास्थ्य संस्थाहरुको संरचनाः

**राजघाट अस्पताल**

मेडिकल अधिकृत (८) -१
हेल्थ असिस्टेन्ट (५/६) -३
स्टाफ नर्स (५/६) -४
ल्याब टेक्निसियन (५/६) -१
अप्थाल्मिक असिस्टेन्ट (५/६) -१
डेन्टल हाईजिनिस्ट (५/६) -१
रेडियोग्राफर (५/६) -१
फार्मेसी सहायक (५/६) -१
कार्यालय सहयोगी -२

**आधारभुत स्वास्थ्य केन्द्र (८ वटा)**

हेल्थ असिस्टेन्ट (५/६) -८
स्टाफ नर्स (५/६) -८
कार्यालय सहयोगी -८

**राजघाट आयुर्वेद औषधालय**

कविराज (५/६) -३
कार्यालय सहयोगी -१

**(४) विभिन्न पदहरूको कार्यविवरण :**

| क्र.सं. | पदको नाम | कार्य विवरण | कैफियत |
|---|---|---|---|
| १. | नगर प्रमुख | उर्लाबारी नगरपालिका, स्थानीय सरकारको प्रमुख नेतृत्वकर्ता, निर्वाचित जनप्रतिनिधि | |
| २. | नगर उपप्रमुख | उर्लाबारी नगरपालिका, स्थानीय सरकारको उप नेतृत्वकर्ता, निर्वाचित जनप्रतिनिधि | |
| ३. | वडाध्यक्ष | वडाको प्रमुख नेतृत्वकर्ता, निर्वाचित जनप्रतिनिधि | ९ जना |
| ४. | कार्यपालिका सदस्य | कार्यपालिकाको सदस्यको लागि निर्वाचित प्रतिनिधिबाट निर्वाचित जनप्रतिनिधि (दलित वा अल्पसङ्ख्यकबाट) | ३ जना |
| ५. | कार्यपालिका सदस्य | नगर सभासद मध्येबाट कार्यपालिकाको सदस्य निर्वाचित जनप्रतिनिधि (महिलाबाट) | ५ जना |
| ६. | नगर सभा सदस्य | नगरपालिकाको व्यवस्थापिका सभाको सदस्य नीति तथा विधायिकी अधिकार प्राप्त जनप्रतिनिधि | ५० जना |
| ७. | समितिका अध्यक्षहरू<br>१) न्यायिक समिति<br>२) अर्थ तथा सार्वजनिक लेखा समिति<br>३) विधायन समिति<br>४) सामाजिक समिति<br>५) सुशासन तथा स्थानीय सेवा समिति<br>६) कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक स्रोत समिति<br>७) अन्य | नेपालको संविधान, प्रचलित नेपालको कानून तथा प्रचलित उर्लाबारी नगर सरकारको कानून बमोजिम तोकिएका जिम्मेवारीहरू | नगर प्रमुख, उपप्रमुख, वडाअध्यक्ष वा तोकिएको |
| ८. | समितिका पदाधिकारी नगरपालिकाबाट तोकिएका नगर सभासद लगायत अन्य प्रतिनिधिहरू | नेपालको संविधान, प्रचलित नेपालको कानून तथा प्रचलित उर्लाबारी नगर सरकारको कानून बमोजिम तोकिएका जिम्मेवारीहरू | |
| ९. | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका र नगर सभाको सचिव, प्रशासकीय नेतृत्वकर्ता | |
| १०. | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा प्रमुखको कार्य | |
| ११. | ईन्जिनियर | पूर्वाधार विकास सम्बन्धि कार्य | |
| १२. | अधिकृत | सम्बन्धि शाखाको तोकिएको कार्य | |

## (५) निकायबाट प्रदान गरिने सेवा :

**वडा समिति कार्यालय मार्फत सम्पादन हुने कार्यहरू**

- शुरू कार्यालयको सिफारिसको कार्यहरू
- सर्जमिन मुचुल्का सम्बन्धि कार्यहरू
- स्थानीय तहको योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन
- पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धि कार्यहरू
- तथ्याङ्क संकलन अद्ययावधिक तथा संरक्षण
- वडाका विभिन्न उपभोक्ता हित सम्बन्धि कार्यहरूको क्षमता अभिवृद्धि तथा अनुगमन

**नगरकार्यपालिकाको कार्यालय मार्फत सम्पादन हुने कार्यहरू**

- सामान्य प्रशासन तथा कर्मचारी प्रशासन सम्बन्धि कार्यहरू
- सामाजिक सुरक्षा बालबालिका महिला लगायत लक्षित वर्गका कार्यहरू
- आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि कार्य
- प्राथमिक स्वास्थ्य कार्यहरू
- सहकारी दर्ता नविकरण अनुगमन लगायतका कार्यहरू
- व्यवसाय दर्ता नविकरण लगायतका कार्यहरू
- उपभोक्ता अधिकार संरक्षण सम्बन्धि कार्यहरू
- सूचना सञ्चार सम्बन्धि कार्यहरू
- एफ.एम., स्थानीय पत्रिका सञ्चालन अनुमति सम्बन्धि कार्यहरू
- बजार अनुगमन
- अन्य कार्यहरू

## (६) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी र सम्बन्धित शाखा प्रमुख

| क्र.सं. | शाखा/उपशाखा | कोठा नं. | जिम्मेवारी व्यक्ति |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | २०७ | अभय कुमार गुप्ता |
| पहिलो तला | | | |
| २ | पूर्वाधार विकास तथा वातावरण शाखा, योजना उप-शाखा | १०७ | विकास दाहाल |
| ३ | प्राविधिक शाखा | १०४ | इ. पोखराज साह |
| ४ | खरिद तथा सम्पति व्यवस्थापन शाखा | १०५ | नगेन्द्र प्रसाद तिम्सिना |
| ५ | राजश्व संकलन काउण्टर | १०६ | मनिषा बराल |
| ६ | सामाजिक सुरक्षा तथा पञ्जिकरण उप-शाखा | १०३ | हरि चापागाई |

| | | | |
|---|---|---|---|
| ७ | प्राविधिक शाखा | १०८ | रोशन उदास |
| ८ | राजश्व शाखा/ प्रशासन उप-शाखा | १०९ | विकाश दाहाल |
| ९ | हेल्प डेक्स | ११० | आशुतोष पोदार |
| १० | दर्ता / चलानी | १११ | आशुतोष पोदार |
| ११ | सहकारी शाखा/संघ सस्था | ११२ | कविता ढुगाना |
| १२ | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | ११३ | चन्द्रकला सुब्बा |
| १३ | कृषि विकास शाखा | ११४ | अम्बिका प्रसाद लुइटेल |
| १४ | शहरी स्वास्थ्य केन्द्र | ११५ | सविना धिमाल |
| १५ | आर्युवेद शाखा | ११६ | इन्दल शाह |
| **दोस्रो तला** | | | |
| १६ | नगर प्रमुखको सचिवालय | २०२ | |
| १७ | कानून शाखा | २०३ | निर्मल पौडेल |
| १८ | न्यायिक समिति इजलास | २०४ | |
| १९ | आर्थिक प्रशासन शाखा | २०५ | गोविन्द कार्की |
| २० | शिक्षा, युवा तथा खेलकुद शाखा | २०६ | शालिग्राम काफ्ले |
| २१ | भवन तथा बस्ती विकास शाखा | २०८ | इ. हिमांशु देव |
| २२ | सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा | २०९ | रोशन ठाकुर |
| २३ | सभा हल | २१० | |
| **तेस्रो तला** | | | |
| २४ | शिक्षा, युवा तथा खेलकुद शाखा | ३०१ | अशोक घिमिरे |
| २५ | रोजगार सेवा केन्द्र | ३०२ | विनिता शर्मा |
| २७ | बैठक हल | ३०३ | |
| २८ | स्वास्थ्य शाखा | ३०४ | सुरेश खड्का |
| २९ | आन्तरिक लेखा परीक्षण शाखा | ३०७ | कुबेर प्रसाद ढकाल |

**उर्लाबारी नगरपालिका वडा कार्यालयमा कार्यरत वडा सचिवहरुको विवरणः**

| सि नं | कर्मचारीको नामथर | पद | वडा |
|---|---|---|---|
| १ | रामबहादुर भुजेल | वडा सचिव | १ |
| २ | दिपक गौतम | वडा सचिव | २ |
| ३ | सम्झना थापा | वडा सचिव | ३ |

| | | | |
|---|---|---|---|
| ४ | पवन नेपाल | वडा सचिव | ४ |
| ५ | भावना भट्टराई | वडा सचिव | ५ |
| ६ | बालकुमार बराल | वडा सचिव | ६ |
| ७ | विश्वनाथ दाहाल | वडा सचिव | ७ |
| ८ | चित्राकुमारी बस्नेत | वडा सचिव | ८ |
| ९ | योगराज दाहाल | वडा सचिव | ९ |

## (७) नगर कार्यपालिका र वडाका पदाधिकारीहरूको नामावली :

| सि.नं. | पदाधिकारीहरुको नाम, थर | पद | वडा नं. | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | गंगा प्रसाद खरेल | प्रमुख | | ९८५१०९२३२८ |
| २ | मिना कुमारी खतिवडा | उप—प्रमुख | | ९८४२२९०६८५ |
| ३ | तिलक कुमार पाण्डे | वडाध्यक्ष | १ | ९८१६३५०७६९ |
| ४ | टिका भुजेल | सदस्य | १ | ९८१५३८५४५० |
| ५ | सन्तकुमारी विश्वकर्मा | सदस्य/ कार्यपालिका सदस्य | १ | ९८२४३७२८२७ |
| ६ | गणेश कुमार माझी | सदस्य | १ | ९८१७३६५६२२ |
| ७ | गौरी शंकर दहाल | सदस्य | १ | ९८१३९७४७१३ |
| ८ | कुमार कडेल | वडाध्यक्ष | २ | ९८५२०४४८३१ |
| ९ | सिता बुढाथोकी | सदस्य/ कार्यपालिका सदस्य | २ | ९८४२२०१६४५ |
| १० | हेम कुमारी नेपाली | सदस्य | २ | ९८१९०००५३२ |
| ११ | नर बहादुर धिमाल | सदस्य | २ | ९८१८१३५३८४ |
| १२ | रुद्र बहादुर धिमाल | सदस्य | २ | ९८११३८०२४६ |
| १३ | भिष्मराज बुढाथोकी | वडाध्यक्ष | ३ | ९८४२१३५२२२ |
| १४ | ज्योति धिमाल | सदस्य | ३ | ९८१०५५६३५० |
| १५ | कृष्ण कुमारी विश्वकर्मा | सदस्य | ३ | ९८१९३३६३०३ |
| १६ | मित्र प्रसाद ढकाल | सदस्य | ३ | ९८५२०२३६२९ |
| १७ | कृष्ण कुमार थापा | सदस्य | ३ | ९८५२६७६६७३ |
| १८ | कल्याण कुमार राई | वडाध्यक्ष | ४ | ९८५२०२१९२३७ |

| | | | | |
|---|---|---|---|---|
| १९ | कृष्ण माया कडरिया | सदस्य/ कार्यपालिका सदस्य | ४ | ९८४२०२४२५१ |
| २० | अमृता नेपाली | सदस्य | ४ | ९८१०५९७८२९ |
| २१ | सुरेन्द्र न्यौपाने | सदस्य | ४ | ९८४२३४८८९८ |
| २२ | शेखरनाथ दाहाल | सदस्य | ४ | ९८५२०४२२०७ |
| २३ | रविन लामा | वडाध्यक्ष | ५ | ९८००९१३२६१ |
| २४ | देवी कला राई | सदस्य | ५ | ९८४२३७५९६५ |
| २५ | रामकुमारी वि.क. | सदस्य | ५ | ९८०४०९५३२३ |
| २६ | सुरेश आचार्य | सदस्य | ५ | ९८०७३०७५३० |
| २७ | विनोद धिमाल | सदस्य | ५ | ९८२५३७२२५८ |
| २८ | चिन्तामणी पौडयाल | वडाध्यक्ष | ६ | ९८४२०३४०२२ |
| २९ | दुर्गावती लिम्बु सुब्बा | सदस्य | ६ | ९८४२०७९३९४ |
| ३० | पवित्रा विश्वकर्मा | सदस्य | ६ | ९८२९३२४३६९ |
| ३१ | मानबहादुर धिमाल | सदस्य | ६ | ९८०४०१०५४० |
| ३२ | बम बहादुर श्रेष्ठ | सदस्य | ६ | ९८४२११६८०३ |
| ३३ | उर्मिला थापा | वडाध्यक्ष | ७ | ९८४२१३०७९९ |
| ३४ | मनमाया तामाङ | सदस्य/ कार्यपालिका सदस्य | ७ | ९८४२०६९०१७ |
| ३५ | मञ्जु परियार | सदस्य | ७ | ९८०५३४३०५२ |
| ३६ | सुमन कार्की | सदस्य | ७ | ९८१४३७०५९२ |
| ३७ | सन्तोष निरौला | सदस्य | ७ | ९८४१८१८३९७ |
| ३८ | कुलबहादुर कार्की | वडाध्यक्ष | ८ | ९८४२१८८२७७ |
| ३९ | चन्द्रा डाँगी | सदस्य | ८ | ९८०४०५८८४७ |
| ४० | कल्पना कामी रोक्का | सदस्य/ कार्यपालिका सदस्य | ८ | ९८०४३६५४५३ |
| ४१ | डम्बर बराल | सदस्य | ८ | ९८४२१८८३५७ |
| ४२ | रुद्र प्रसाद लामिछाने | सदस्य | ८ | ९८४२१७९६०९ |
| ४३ | नर बहादुर मोक्तान | वडाध्यक्ष | ९ | ९८४२२००९४६ |
| ४४ | विमला लिम्बु | सदस्य | ९ | ९८०१४४३३८८ |
| ४५ | सावित्रा विश्वकर्मा | सदस्य | ९ | ९८२९३७०२०६ |

| | | | | |
|---|---|---|---|---|
| ४६ | गणेश बहादुर किम्दाङ राई | सदस्य | ९ | ९८१७३६६७१० |
| ४७ | प्रकाश कन्दङवा | सदस्य | ९ | ९८१९३०९१५२ |
| ४८ | कृष्ण बहादुर बर्देवा | कार्यपालिका सदस्य | | ९८४२०४३५६९ |
| ४९ | डम्बर बहादुर भुजेल | कार्यपालिका सदस्य | | ९८०५३५७४५५ |
| ५० | सुनिल धिमाल | कार्यपालिका सदस्य | | ९८१६३२८८४९ |

## (८) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

सेवा प्राप्त गर्ने प्रकृया तथा दस्तुर र अवधि यस कार्यालयको बडापत्रमा उल्लेख भएको र सो बमोजिमका कार्यहरू र सोको शुल्क सेवा प्राप्त गर्न लाग्ने अवधि बडापत्रमा राखिएको, कार्यालयको वेभसाइट www.urlabarimun.gov.np बाट डाउनलोड गर्न सकिने । हाले नयाँ संघीय संरचना बमोजिम बडापत्र तयार गर्ने क्रममा रहेको ।

## (९) निर्णय गर्ने प्रकृया र अधिकारी :

निर्णय गर्ने प्रकृया र अधिकारी निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| नगर सभा | नगरको ऐन, नियम, कार्यविधि लगायतका कानून योजनाको स्वीकृति लगायत |
| नगर कार्यपालिका | ऐन बमोजिमका कार्यहरू |
| नगर प्रमुख | |
| नगर उप-प्रमुख | |
| प्रमुख प्रशासकीय अधिकृत | |
| शाखा प्रमुख | |
| वडा समिति | |
| वडा अध्यक्ष | |

## (१०) निर्णय उपर उजुरी सुन्ने अधिकारी :

नगरको कानूनी विषय, योजना निर्णय उपर : नगर प्रमुख
प्रशासनिक कार्य उपर उजुरी : प्रमुख प्रशासकीय अधिकृत

**(११) यस कार्यालयबाट सम्पादन गरेको विवरण** (आ. व. २०८२/०८३ साउन देखि असार मसान्तसम्मको विवरण )

(क) प्रशासन तथा संस्थागत विकास तर्फः

- हालसम्ममा १४ वटा नियमित तथा २ वटा बिशेष गरि जम्मा १६ वटा नगरसभाको अधिवेशन सम्पन्न भएका छन् ।
- हाल सम्म १५१ वटा कार्यपालिका बैठक बसेको जसमध्ये यस आ.व.मा १८ वटा कार्यपालिका बैठक बसेको ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्यावधिक गरी कुल दरबन्दी संख्या १८८ स्वीकृत भएकोमा पदपुर्ति संख्या १६३ र रिक्त संख्या २५ रहेको छ
- हालसम्म कार्यपालिका र नगरसभाबाट ऐन, आचारसंहिता, निर्देशिका, कार्यविधि, नियमावली, मापदण्ड र नीति गरी जम्मा १५५ वटा कानुनहरु निर्माण भएको।

**(ख) योजना तथा अनुगमन शाखाले गरेका क्रियाकलापहरुको विवरण ।**

- भाद्र २३ र २४ गतेको जेनजी आन्दोलन पश्चात क्षतिग्रस्त बनेका नगरपालिकाको कार्यालय भवन, वडा कार्यालयहरुको मर्मत सम्भार गरी प्रयोगमा ल्याइएको छ ।
- प्रदेश समपूरक योजना तर्फको खानेपानी मार्ग सडक कालोपत्रे योजनाको १,५६५ मिटर सडक कालोपत्रे निर्माण साथै वडा नं १ स्थित कृष्णचौकबाट चिसापानी जाने बाटोमा १४५ मिटर, पिपलडाँगीबाट मदन भण्डारी जाने बाटोमा ४२२ मिटर, वडा नं ५ स्थित लाङ्घाली मार्गमा १२८ मिटर तथा वडा नं ७ स्थित बाघखोर दक्षिण २५० मिटर, शक्ति मार्गमा २१५ मिटर र लालिगुरास मार्गमा १८५ मिटर, वडा नं २ स्थित वडा कार्यालय आउने बाटो र सुनपकुवा स्कूल देखि वेतिनी सिमसार तथा डुम्रे जाने बाटोमा गरी ५८५ मिटर सडक कालोपत्रे निर्माणको कार्य सम्पन्न भएको छ।
- उर्लबारी-२ स्थित तेली खोलाको त्रिवेणी चौक देखि बासेचौरी जाने बाटो तथा देवीझोडा देखि सुविधाझोडा जोड्ने बाटोमा पक्की पुल निर्माणको कार्य सम्पन्न भएको छ ।
- विशेष अनुदान तर्फको विभिन्न १५ वटा सामुदायिक विद्यालयहरुको जस्तापाता फेर्ने, फल्स सिलिङ र जिप्समको कार्य, शारदा मा.वि. उर्लाबारी-१ र नुनसरी आ.वि. उर्लाबारीमा शौचालय निर्माणको कार्य, सार्वजनिक मा.वि. उर्लाबारी-९, भानु आ.वि. उर्लाबारी-४ र शान्तिक्षेत्र आ.वि. उर्लाबारी-८ मा २ कोठे भवन निर्माण, लक्ष्मी मा.वि. उर्लाबारी-१, शान्ति आ.वि. उर्लाबारी-२ र महाराज आ.वि. उर्लाबारी-९ मा चमेना गृह निर्माण, दुर्गा मा.वि. उर्लाबारी-३, ट्रस सहितको ५ कोठे भवन, राजघाट आ.वि. उर्लाबारी-९ मा ट्रस सहितको २ कोठे भवन, राधिका मा.वि. उर्लबरी-६ मा ट्रस सहितको हल निर्माण, सुनपकुवा मा.वि. उर्लाबारी-२ मा भवनको छत ढलान, लक्ष्मी मा.वि. उर्लाबारी १ र सिर्जना मा.वि. उर्लाबारी-४ को विद्यालय भवनमा ट्रस निर्माण साथै विद्यालयहरुको मर्मत सम्भार सम्बन्धी कार्यहरु गरिएको ।
- उपभोक्ताहरुको ४० प्रतिशत लागत साझेदारीमा गत आ.व.मा सम्झौता भएका वडा नं ४, ५, ६ र ७ का विभिन्न ४ वटा स्थानमा १३०२ मिटर सडक कालोपत्रे चालु आ.व.मा सम्पन्न गरिएको ।

- गत आ.व.मा ठेक्का सम्झौता भई यस आ.व.मा सम्पन्न हुने गरी सम्झौता भएका योजनाहरु अन्तरगत वडा नं ५ र ६ को बजार सौन्दरीकरण योजना सम्पन्न भएको छ भने वडा नं ४ को वडा कार्यालय भवन निर्माण सम्पन्न हुने भई संचालनमा आएको छ ।
- उर्लाबारी वसपार्क योजनाको ६० प्रतिशतको भौतिक प्रगति हासिल भएको अवस्था छ ।
- उर्लाबारी-१ मा रहेको भ्याल श्रेष्ठको भवन, वडा नं ३ स्थित गुरुगोरक्षनाथको भवन निर्माण सम्पन्न भएको छ साथै वडा नं ३ मा रहेको सालबारी खेलमैदानमा प्यारापिट निर्माणको थालनी, प्लेयर बक्स निर्माण र खेलमैदान घेराबाराको कार्य सम्पन्न भएको छ ।
- स्वीकृत बजेट तथा कार्यक्रम तर्फका विभिन्न ३६ वटा एकल तथा प्याकेजका योजनाहरुलाई विद्युतिय सूचना मार्फत ठेक्का आव्हान भई योजना कार्यान्वयन गरिएको तथा योजना शाखा मार्फत सम्झौता भई उपभोक्ता समिति र सोझै खरिद विधिद्धारा सम्झौता भएका २१६ वटा योजना तथा कार्यक्रमहरुको भुक्तानी गरिएको छ ।
- नगर गौरवको रुपमा रहेको बक्राहाघाट निर्माण योजना र वडा नं ६ मा रहेको कवर्डहलको लागत अनुमान बमोजिमको निर्माण कार्य सम्पन्न भएको छ । बजार पूर्वाधार अन्तरगत दुर्गापुरी बजार, आम्वारी बजार, मंगलबारे र शनिश्चरे बजारमा टहरा निर्माणको कार्य सम्पन्न भएको छ साथै उर्लाबारी-३ स्थित मंगलबारे तथा उर्लाबारी-८ स्थित दुर्गापुरी कृषि बजारमा सार्वजनिक शौचालय निर्माणको कार्य भएको छ ।
- नगरपालिकाको मर्मत सम्भार कोष मार्फत भत्किएका र जिर्ण अवस्थामा रहेका विभिन्न २२ वटा योजनाहरुमा मर्मत सम्भारको कार्य गरिएको तथा विपद् व्यवस्थापन कोषबाट आपतकालिन विपद्का कार्यहरुलाई सम्बोधन गरिएको ।
- उज्यालो उर्लाबारी कार्यक्रमले निरन्तरता पाएको छ भने यस आ.व.मा ३२५ सेट थप सडक बत्ती जडान गरिएको छ ।

**(ग) सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखाले गरेका क्रियाकलापहरुको विवरण ।**

- ई-गभरनेन्सको अवधारणलाई कार्यान्वयनमा ल्याउन साथै नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको दैनिक कार्य सम्पादन चुस्त, दुरुस्तरुपमा सम्पन्न गर्न सञ्चालनमा रहेको अफिस अटोमेसनलाई अध्यावधिक र थप परिष्कृत गर्दै लगिएको ।
- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु को Inter-Networking को लागि पालिकाको आफ्नै Intranet जडान गरिएको ।
- नगरपालिकाको ठेक्का प्रणालीलाई ए-बिद मार्फत कार्यान्वयन गर्दै ७० वटा योजना तथा कार्यक्रमको ठेक्का प्रकृया विद्युतीय ठेक्का प्रणालीबाट सम्पन्न गरिएको ।
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता ल्याउन नगरपालिकाको कार्यालय र वडा कार्यालयमा रहेको सिसिटिभि क्यामेरालाई नियमित मर्मत गरिएको । तथा सामुदायीक विद्यालयहरुमा सिसिटिभि क्यामेर जडान गरिएको ।

- नगरबाट भएगरेका काम कारवाहीको अध्यावधिक विवरणलाई नगरवासीलाई सुसूचित गराउन त्रैमासिकरुपमा नगरपालिकाको वेबसाईट मार्फत स्वतः प्रकाशन प्रकाशन गरिदै आएको ।
- विधुतिय सूचना प्रणाली Web SMS सञ्चालनमा रहेको ।
- नगरपालिका र वडा कार्यालयमा प्रयोगमा आएका कम्प्युटर, प्रिन्टर, सफ्टवेयर लगायतका उपकरणहरुमा आएका समस्याहरुको प्राविधिकरुपमा समाधानका गरिदै आएको छ ।
- नगरपालिकाबाट सम्पादन हुने महत्वपूर्ण गतिविधी तथा सूचनाहरुलाई कार्यलयको Web-site तथा Facebook page मार्फत जानकारी गराउने गरिएको ।

**(घ) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाले गरेका क्रियाकलापहरुको विवरण ।**

महिला बालबालिका तर्फ

- ४ वटा बिपन्न महिला समुह गठन, अनुशिक्षण तथा समिति व्यवस्थापन खर्च वितरण कार्यक्रम सम्पन्न ।
- सिप बिकास तालिम ढाका,सिलाइ कटाइ, ब्यूटिपार्लर तालिम सम्पन्न जसमा ६० जनालाई तालिम सम्पन्न ४० जनाले सिप परिक्षण दिएका
- उपमेयर सँग किशोरकिशोरी कार्यक्रम सन्चालनमा गरिएको ।
- नगरस्तरीय तथा वडास्तरीय बालसन्जालको पुनर्गठन गरिएको ।
- महिला विकास समितका सदस्यहरुलाई बंगूरपालन तालिम सन्चालन गरिएको ।

ज्येष्ठ नागरिक तर्फ

- ९० बर्षमाथीका १८ जना जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम गरिएको ।
- अल्जाइमर सम्बन्धी अभिमुखिकरण कार्यक्रम सन्चालन गरिएको ।
- ज्येष्ठ नागरिकहरुको ९ वडाका समितिहरुको बैठक सन्चालनमा गरिएको ।
- अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम सन्चालन गरिएको ।

गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ

- उधम बिकासका लागी सामाजिक परिचालन - जसमा वडा न.२ र वडा न ८ को ६१ जना पि.आर.ए. ब्यावसाय छनौट गरिएको
- उधमशिलता बिकास तालिम सन्चालन वडा न. ८ मा २१ जनालाई ८ दिने उधमशिलता बिकास तालिम सचालन गरिएको
- प्राबिधिक सीप बिकास तालिम सन्चालन जसमा वडा न. ८ का २० जना लाइ ढाका बुन्ने तालिम दिइएको
- प्रबिधि हस्तान्तरण जसमा २० सहभागीहरुलाई साझेदारीमा तान बितरणको तयारी

लैगिक हिसा रोकथाम तथा प्रतिकार्यकालागी सेवा पहुँच परियोजना तर्फ

- लैङ्गिक हिंसा निवारण तथा कोष परिचालन नियमावली २०८२ बनाईएको
- **महिला समितिका** सदस्यका लागि लैंगिक हिंसा न्यूनिकरण सम्बन्धी २ दिने तालिम सन्चालन गरिएको ।

- **निगरानी समूहका** सदस्यका लागि लैंगिक हिंसा न्यूनिकरण सम्बन्धी २ दिने तालिम सन्चालन गरिएको ।
- किशोरी तथा महिला मैत्री स्थान Safe Space निर्माण गरिएको
- १८-२४ उमेरका २६ जना किशोर किशोरीको सहभागिता ८ दिने रुपान्तरण कार्यक्रम सन्चालन गरिएको।
- विद्यालयका प्रधानाध्यापक/ शिक्षकहरुका लागि विद्यालयमा आधारित लैंगिक हिंसा न्यूनिकरण सम्बन्धी २ दिने तालिम सम्पन्न ।
- GBV को क्षेत्रमा कार्यरत ४० जनाको सहभागितामा घटना व्यवस्थापन तालिम सम्पन्न
- नगरपालिका र वडाबाट २५ जना सहभागितामा लै स सा स परीक्षण कार्यक्रम सम्पन्न
- महिला समितिका सदस्यहरुवीच चौमासिक अन्तरक्रिया सम्पन्न
- नगरपालिका/Platform का १५जना सदस्यको सहभागितामा अन्तरपालिका भ्रमण सम्पन्न ।
- ११६ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा २० जना श्रमिक महिलाहरुकलाई सम्मान गरिएको

<u>उधमशिलता सहजीकरण केन्द्र सचालन कार्यक्रम अन्तरगत</u>

- सिलाइ कटाइ महिला बिकास समिति बैठक सम्पन्न
- ढाका महिला बिकास समिति बैठक सम्पन्न
- ब्यूटिपार्लर महिला बिकास समिति बैठक सम्पन्न

<u>अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम अन्तरगत</u>

- अपागता समन्वय समिति र ब्यावस्थापन समितिको नियमित बैठक सम्पन्न
- मिलिजुली समूहको लागि बचत ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम सम्पन्न — २४ जना सहभागी रहेका
- अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइएको — जम्मा १८ जना अपांगता भएका व्यक्तिहरुलाई न्यानो सामग्री वितरण गरिएको ।
- १३ जना अपांगता भएका व्यक्तिहरुलाई अपांगता उपचार सहायता रकम प्रदान गरिएको ।
- अपांगता कल्याण संघलाई कार्यक्रममा आधारित अनुदान कार्यक्रम सम्पन्न भएको ।
- २२ जनालाई ५ दिने आधारभूत मौरीपालन तालिम दिइएको ।
- अपांगता समन्वय / व्यवस्थापन समितिको बैठक सन्चालन भएको ।
- १० जना अपांगता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण गरिएको ।
- ३० जना अपांगता भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाई साबुन बनाउन् तालिम दिइएको।
- १५ जना अपांगता भएका व्यक्तिहरुलाई मौरी सहितको घार वितरण गरिएको ।

नियमित कार्यहरु

- जम्मा ३२ वटा अपांगता परिचय पत्र वितरण गरिएको
    - रातो — ८ वटा
    - निलो — १३ वटा
    - पहेलो — ५ वटा
    - सेतो — ६ वटा
- ज्येष्ठ नागरिक परिचय पत्र जम्मा २०० वटा वितरण गरिएको ।

**(ङ) शिक्षा, युवा तथा खेलकूद शाखामा भएको क्रियाकलापहरुको विवरण ।**

- विद्यालयहरुको अनुगमन गरी विद्यालयको भौतिक अवस्था, शिक्षकको नियमितता, लेखा व्यवस्थापन, जिन्सी व्यवस्थापन, निकासा भएका अनुदान रकमको कार्यान्वयनको अवस्था, सेनेटरी प्याड र यसको प्रयोग, विद्यार्थी संख्याको अवस्था, **IEMIS** मा प्रविष्टि गरिएको शैक्षिक तथा भौतिक विवरण लगायतका पक्षहरुको अनुगमन तथा निरीक्षण गरिएको ।
- आ.व. ०८२-०८३ मा स्वीकृत भएका कार्यक्रम कार्यान्वयन गर्नका लागि हरेक विद्यालयहरुसँग समन्वय गरी कार्यक्रम तथा योजनाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न भएको ।
- नगरबाट निर्मित शैक्षिक क्यालेण्डरमा उल्लेख भए बमोजिमका कार्यक्रमहरुलाई कार्ययोजना अनुरुप सञ्चालनमा गरिएको ।
- संघीय ससर्त अनुदानबाट प्राप्त भएका कार्यक्रमहरुलाई कार्यक्रम कार्यान्वयन कार्यविधि अनुरुप सञ्चलान गरिएको साथै शिक्षक तथा कर्मचारीहरुको प्रथम त्रैमासिकको तलव-भत्ता निकासाको व्यवस्था मिलाइएको ।
- शिक्षकहरुको तलवी प्रतिवेदन राष्ट्रिय किताबाखाना (शिक्षक) बाट प्रमाणिकरण गरी ल्याइएको ।
- बालविकास केन्द्रलाई सबलिकरण गर्ने प्रयोजनार्थ सबै सामुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्रको अनुगमन —सुपरिवेक्षण गरी आवश्यकताको विश्लेषण गरी आवश्यकतामा आधारित सामग्री खरिद गरी वितरण गरिएको ।
- विद्यालयमा रिक्त भएका शिक्षक तथा कर्मचारीहरुको रिक्त दरबन्दीमा अस्थायी/करार पदपुर्ति नियमित रुपमा गर्दिँदै आएको ।
- शिक्षा मन्त्रालय, विभाग र इकाइहरुबाट भएका परिपत्रहरुलाई कार्यान्वयन गरिएको ।
- अस्थायी/करारमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको सम्पति विवरण वेभ साइटमा प्रविष्टि गरी सम्बन्धित निकायमा पठाइएको ।
- विद्यालय सञ्चालन अनुदान लगायतका निकासा विद्यालयलाई उपलब्ध गराइएको ।
- आधारभूत तह (कक्षा-८) को नगरस्तरीय परीक्षा सम्पन्न गरी सबै विद्यालयहरुलाई ग्रेडसिट उपलब्ध गराइएको ।
- स्वयम् सेवक शिक्षकको कार्यविधि निर्माण गरी स्वीकृत कोटा अनुसार शिक्षक नियुक्ति गरिएको ।

- स्थानीय पाठ्यक्रमको पाठ्य सामग्री निर्माण गरी छपाई गरिएको ।

**(च) स्वास्थ्य शाखामा भएको क्रियाकलापहरुको विवरण ।**

- आ व २०८१/०८२ को स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।
- सबै वडामा घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम सम्पन्न गरिएको छ साथै क्षयरोगको स्क्रिनिङ कार्यक्रम AI X-RAY मेसिनबाट सन्चालन गरिएको जसबाट ५ जना नया बिरामी पत्ता लागेको र नियमित उपचारमा ल्याईएको छ ।
- ३०३ जना गर्भवति महिलाहरुलाई ग्रामिण भिडियो एक्सरे मार्फत सेवा दिईएको छ ।
- ७९६ जना कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप लगाईएको छ।
- विद्यालयमा अध्ययनरत किशोरीहरुलाई आईरन फोलिक एसिड खुवाउने कार्यक्रम निरन्तर गरिएको छ ।
- नियमित खोप सुध्रिरीकरण, पुर्णखोप सुनिश्चितता र दिगोपनाको लागि सुक्ष्म योजना अध्यावधिक र सरसफाई प्रबधन कार्यक्रमको समिक्षा सम्पन्न गरिएको छ साथै वार्डमा घरधुरी सर्बेक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।
- ६ महिना देखि ५ वर्ष मुनिका बच्चाहरुलाई भिटामिन ए र जुकाको औषधि वितरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- मसे लाई नसर्ने र मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण.स्वा. गरिएको छ ।
- उत्तर प्रसुति घरभेट कार्यक्रम नियमित गरिएको छ ।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८ बमोजिम १८४ जना बिरामीहरुलाई मासिक ५ हजारको दरले उपचार खर्च प्रदान गरिएको छ ।
- ३४ जना विपन्न, गरिब हरुलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी सहायता तथा कडा भनि तोकिएका आठ ओटा रोगहरुका बिरामीलाई एम्बुलेन्स भाडा प्रदान गरिएको छ ।
- ९३ जना बिपन्न नागरिकहरुलाई कडा भनि तोकिएको आठ रोगहरुको एकलाख बराबरको सहुलियत उपचारको लागि बिभिन्न अस्पतालहरुमा सिफारिस गरिएको छ।

**(छ) कृषि विकास शाखामा भएको क्रियाकलापहरुको विवरण ।**

- फुलखेती प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको।
- कृषि यान्त्रिकिकरण प्रवर्द्धन अन्तर्गत कम्बाईन ट्र्याक हार्बेष्टर, बेलर, कम्बाईन ट्रली, मेज हेडर र ट्र्याक्टर किसान लाई हस्तान्तरण भइ सकेको।
- ५० प्रतिशत अनुदानमा बगरखेती विकास कार्यक्रम अन्तर्गत २२ बिगाहा खरबुजा खेती गरिएको।
- ५० प्रतिशत अनुदानमा व्यवसायिक तरकारी तथा खरबुजा खेती गर्ने किसानलाई प्लास्टिक मल्चिङ १३६ रोल वितरण कार्यक्रम संपन्न भई सकेको
- ५० प्रतिशत अनुदानमा फेरोमेन ट्र्याप २६७५ थान वितरण कार्यक्रम संपन्न भईसकेको।

- ७५ प्रतिशत अनुदानमा आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम संपन्न भई सकेको।
- मकैबालिमा शुन्यखनजोत प्रविधी प्रदर्शन ७ स्थानमा गरिएको।
- सिंचित क्षेत्रमा चैतेधान प्रवर्द्धन कार्यक्रम उर्लाबारी १,४,६, ८ र ९ को चैतेधान खेती हुने क्षेत्रमा संपन्न भएको।
- तेलहन बाली पकेट विकास कार्यक्रम उर्लाबारी १ झारसादीमा संपन्न भइ सकेको।
- मकैबाली पकेट विकास कार्यक्रम उर्लाबारी ९ चक्रेटोलमा संपन्न भइ सकेको।
- कृषि यान्त्रिकिकरण/औजार उपकरण ७५ प्रतिशत अनुदान कार्यक्रम संपन्न भइ सकेको।
- माटो परिक्षणको लागि रिएजेन्ट खरिद कार्य संपन्न भइ माटो परिक्षण हुदै गरेको।
- सुन्यखनजोत द्धारा मकैखेती गरी प्रति ईकाइ लागत घटाउने कार्य संचालन भएको।
- उन्नत जातको बीउ बीजनबाट करिव १५ देखी २५ प्रतिशत सम्म उत्पादन हुने भएकोले सोही आधारमा किसानलाई बिभिन्न बालीको उन्नत तथा बर्ण शंकर बीउ वितरण गरी उत्पादन बढेको अवस्था छ।
- प्राङगारिक मल उत्पादन कार्यक्रम अन्तर्गत ५ जना किसानले प्राङगारिक मल उत्पादन गरेको।
- उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत ५ जना किसानले मकैबाली राम्रो उत्पादन गरे वापद प्रोत्साहन प्राप्त गरेको।
- कृषि तथा पशुपंछी सेवाको १२ बिधाबाट १२ जना उत्क्रिष्ट कृषकलाई सम्मान गरिएको।
- मकै छोडाउने मेसिन ५० प्रतिशत अनुदानमा ८० थान वितरण गरिएको।
- वडा नं १,३ र ५ मा जम्मा १८ थान २ एच पि को मोटर/बोरिङ वितरण गरी जडान तथा गडान कार्य सम्पन्न भई सकेको।
- वडा नं २ मा २ एच पी को मोटर १४ थान वितरण गरी गडान तथा जडान कार्य सम्पन्न भई सकेको।
- बेसार खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिएको।
- खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान,गहुँ) कार्यक्रम अन्तर्गत ८३ जना गहुँखेती गर्ने किसान लाई ९हजार के जी उन्नत गहुँको बीउ वितरण गरिएको।साथै ५९५ जना किसान लाई उन्नत जातको धानको बीउ २०८०० के जी वितरण गरिएको।

**(झ) पशुपंक्षी विकास शाखाले गरेको क्रियाकलापहरूको विवरण ।**

१) प्रयोगशाला सेवाःगोबर परिक्षण/पिसाब परिक्षण/दुध परिक्षण/रगत परिक्षण/शब परिक्षण समेत संख्याः ३१९

२) नमुना संकलन तथा प्रेषणः रगत नमुना २१८(क्षेत्रियपशुपन्छीरोग अन्वेषण प्रयोगशाला बिराटनगर पठाएको )

३) पशुपन्क्षि उपचार सेवाः गाइभैसि/बाख्रा/बंगुर/कुखुराहास/कुकुर आदि पशुपन्छीहरुको उपचार/प्राथमिक उपचार तथा परजिबि नियन्त्रण संख्याः ७४,२८०

४) सर्जिकल उपचार सेवा संख्याः १

५) पशु बन्ध्याकरण सेवा संख्याः ५०८ गोटा

६) कृत्रिम गर्भाधान नश्ल सुधार कार्यक्रमः संख्याः ३०२७ / गर्भ परिक्षण गाईभैसिः ५८४

७) रोग निरोधक खोप कार्यक्रमः पशुहरुमा संक्रामक रोग बिरुधको खोप कार्यक्रम प्रगति ५९१६० डोज

- लम्पि स्किन डिजिज खोपः ६००० डोज
- प्रथम चरण खोरेत खोप कार्यक्रमः १५२०० डोज
- दोस्रो  चरणको खोप कार्यक्रमः १५२०० डोज
- पिपिआर खोपः  १५५०० डोज
- स्वाइन फिबर खोपः ५८४० डोज
- रेविज खोपः १४२० डोज

८) रेविज सप्ताहा रेबिज दिवस कार्यक्रमः २६३ खोप

- लाभान्बितः जम्मा २६३ / महिलाः ११६ पूरुषः १४० दलितः १९ जनजातिः ११२ अन्यः १२५

९) हिउदे घाँस जै बर्षिम विउ बितरण ७५ प्रतिशत अनुदान कार्यक्रमः३६०० के.जि.

- लाभान्वितः४७९ जना/ महिलाः १५१ र पूरुषः ३२८/ दलितः १३ जनजातिः ९९ अन्यः ३६७ जना

१०) बर्षे टियोसेन्टि/सुडान आदि विउ बितरण ७५ प्रतिशत अनुदान कार्यक्रमः३१५० के.जि.

- लाभान्वितः जम्मा५०४ जना/ महिलाः१६७ र पूरुषः३३७/ दलितः१३ जनजातिः९१ अन्यः४०० जना

११) सामुदायिक कुकुर बन्ध्याकरण शिविर कार्यक्रमः २७० सामुदायिक कुकुरहरुको बन्ध्याकरण तथा उपचार सेवा प्रदान भएको ।

१२) पशुपन्छी सेवा शाखा प्रोफायल तयार १ पटक

१३) मासु व्यवसायि संग अन्तरक्रिया कार्यक्रम १ पटक

१४) माछा चुना बितरण शतप्रतिशत अनुदान कार्यक्रमः  ५७१४ के.जि.

- लाभान्वितः ३२ जना/महिलाः ७ पूरुषः२५ दलितः  १ जनजातिः २१ अन्यः १०जना

१५) च्यापकटर र कुटि काट्ने मेशिन खरिद वडा नं २३४५६७८२९-प्रदेश सरकार —२७ थान बितरण

- लाभान्वित संख्याः २७जना/ महिला ७ पूरुष २०/ दलित  ० जनजाति ३ अन्य २४ जना

१६) आकस्मिक उपचार तथा महामारी नियन्त्रण कार्यक्रमःलेयर्स कुखुरा/स्थानिय कुखुरा तथा हाँस( १८७२२गोटा) नष्ट गरि बर्डफ्लु रोग (H5N1 र H5N9 ) नियन्त्रण कार्य प्रभावकारी सञ्चालन भई सम्पन्न गरिएको

१७) शाखाका अन्य नियमित सेवाः

- पशु मृत्यू प्रमाणित/बिमा दाबि भुक्तानि सिफारिसः ५८ गोटा
- पशुपन्छी फार्म दर्ता/सुचिकृतः२
- व्यवसायिक पशुपन्क्षि फार्म नबिकरणः२८
- समुह समिति नबिकरणः १८
- पशु प्राबिधिक दर्ता/नबिकरणः ५
- बैक बित्तिय संस्था सिफारिसः१
- मासु पसल फ्रेस हाउस दर्ता सुचिकरण संख्याः५

- प्रगति प्रेषण/इपिडिमियोलोजिकल रिपोर्टिङ्गः १२ पटक

**(ञ) सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा तथा सहकारी तथा संघ संस्था गरेको क्रियाकलापहरूको विवरण**

- यस आ.व. को लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न ७०८३ जना लाभग्राहीको सामाजिक सुरक्षा भत्ता परिचयपत्र श्रावण देखि असोज मसान्त सम्म नविकरण सम्पन्न गरिएको ।
- प्रथम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ७२३२ रहेको र वितरण गरिएको जम्मा रकम रु. सात करोड सैत्तिस लाख संतानब्बे हजार एक सय छत्तिस रुपैया मात्र EFT मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको ।
- दोस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ७२५८ रहेको र वितरण गरिएको जम्मा रकम रु. सात करोड उननचालिस लाख चौसठ्ठी हजार सात सय सन्ताउन्न रुपैया मात्र EFT मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको ।
- तेस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ७२६१ रहेको र वितरण गरिएको जम्मा रकम रु. सात करोड अठ्तिस लाख सैत्तिस हजार छ सय बयानब्बे रुपैया मात्र EFT मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको ।
- चौथो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ७२७४ रहेको र वितरण गरिएको जम्मा रकम रु. सात करोड अठ्तिस लाख उनन् सय हजार सात सय उनन् चालिस रुपैया मात्र EFT मार्फत सोझै लाभग्राहीहरुको खातामा दाखिला गरिएको ।
- सामाजिक सुरक्षा भत्ता नया दर्ता तथा नविकरण गर्नका लागि ७ वटा फिङ्गरप्रिन्ट बायोमेट्रिक डिभाइस र १ वटा iris device खरिद गरि संचालनमा ल्याइएको छ ।
- यस आ.व. को असार मसान्त सम्ममा जन्मदर्ता संख्या ९७६, मृत्युदर्ता संख्या ४२२, विवाह दर्ता संख्या ५४६, सम्बन्ध विच्छेद संख्या १२२, बसाई सराई आएका दर्ता संख्या ४७६ र बसाई सराई गएका दर्ता संख्या २६८ गरि जम्मा २८१० वटा घटना दर्ता भएका छन् ।

**सहकारी तथा संघ संस्था तर्फः**

- यस आवटा सामा ç ठ को असार मसान्त सम्म जम्मा .व.जिक संस्था दर्ता भएका छन् ।
- सहकारी संस्थाहरुका पदाधिकारी तथा कर्मचारीहरुका लागि क्षमता विकास तालिम कार्यक्रम सम्पन्न गरिएको ।
- नगरपालिकाको नियमन कार्यक्षेत्र भित्र पर्ने सकृय सहकारी संस्थाहरुको अनुगमन तथा निरिक्षण कार्य सम्पन्न गरिएको ।

## ट) न्यायिक समिति तर्फः

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ वमोजिमका विवादहरु**

| क्र.स. | विवादको प्रकार | दर्ता भएको विवाद | समाधान भएको | प्रकृयामा रहेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | आलीधुरको बाँडफाड तथा उपयोग | १९ | १९ | | |
| २ | लेनदेन | ३ | ३ | | १ तामेली राखिएको |
| ३ | अर्काको घरमा पानी झारेको | १ | १ | | वडामा पठाएएको |
| ४ | वाटोको प्रयोगमा वाधा पुर्याएको | १ | १ | | |
| ५ | वोट विरुवा लगाएर हानी गरेको | १ | १ | | वडामा पठाइएको |
| ६ | सार्वजनिक पैनीको प्रयोगमा वाधा पुगेको | २ | १ | | |

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा २ वमोजिमका विवादहरु**

| क्र.स. | विवादको प्रकार | दर्ता भएको विवाद | समाधान भएको | प्रकृयामा रहेको | कैफियत |
|---|---|---|---|---|---|
| १ | घरायसी विवाद | १६ | १५ | | १ तामेलीमा राखिएको |
| २ | छिमेकी विवाद | १ | १ | | |
| ३ | गाली वेईजती | २ | २ | | |
| ४ | अरुको जग्गामा घर वनाएको | १ | १ | | |
| ५ | हक नपुग्ने जग्गा संरचना वनाएको | १ | १ | | |
| ६ | जग्गाको भोगचलन | २ | २ | | |
| ७ | घरेलु हिंसा | १ | १ | | माथिल्लो निकायमा जाने |

अनौपचारिक समाधान गरीएका विवादहरुः १७

## (ठ) भवन तथा भू-उपयोग शाखाले गरेको क्रियाकलापहरूको विवरण

- घर नक्सा पास निवेदन संख्याः २२६
- प्रथम चरणको अस्थायी निर्माण इज्जाजत पत्र संख्याः १७६
- दोस्रो चरणको (सुपरस्ट्रक्चर निर्मण कार्यको) इज्जाजत पत्र संख्याः ११०
- भवन निर्माण कार्य सम्पन्न प्रमाण पत्रको संख्याः ५४
- पुरानो घर अभिलेखीकरणका लागि दर्ताः ५३

- अभिलेखीकरण प्रमाण पत्र जारीः ४७
- तल्ला थप सम्पन्न प्रमाण पत्रः १६
- नामसारी प्रमाण पत्र जारीः ३८

## (ड) प्रधानमन्त्री रोजगार कार्यक्रमले गरेको क्रियाकलापहरूको विवरण

आन्तरिक रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत

- योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- ३९ जना अनौपचारिक क्षेत्रमा आवद्ध श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्धता।
- श्रम संसार वेभ पोर्टल सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई उद्यमशिलता तालिम ९५ दिवशीय
- वेमौसमी तरकारी खेती तालिम ९३ दिवशीय
- २८८ जना व्यक्तिलाई पुनःश्रम स्विकृति पत्रमा सहजिकरण गरिएको।
- वैदेशिक रोजगारको क्रममा मृत्यु भएको १० वटा शवलाई घरसम्म निशुल्क शव ढुवानीका लागि सहजिकरण गरिएको, १० वैदेशिक रोजगार बोर्डवाट उपलव्ध हुने मृत्युको क्षतिपुर्तिका लागि १० वटा परिवारलाई सहजिकरण गरिएको, पारिवारिक स्वास्थ्य उपचारको लागि ४ वटा परिवारलाई सहजिकरण गरिएको, अंगभंगका लागि २ वटा परिवारलाई सहजिकरण गरिएको साथै २५ जना बालबालिकालाई वैदेशिक रोजगार सन्तति छात्रवृत्ति दिलाउन सहजिकरण गरिएको।
- व्यावसायिक प्रशिक्षण केन्द्र ईटहरीको समन्वयमा २० जना युवाहरुलाई निशुल्क वारिष्टा तालिम प्रदान गरिएको।
- घरेलु कार्यालय बिराटनगरको समन्वयमा २० जनालाई कुक तालिम प्रदान गरिएको।
- HELVETAS NEPAL सँगको समन्वयमा २० जनालाई एसी, फ्रिज मर्मत तालिम प्रदान गरिएको।

सामी कार्यक्रम अन्तर्गत

- रिटर्नी स्वयमसेवकले घरभेट सुचना प्रदान — ३०४६ जना
- मनोसामाजिक परामर्श केश पहिचान ८० वटा, केश दर्ता ४४ वटा, केश फलोअप २६८ पटक, केश बन्द ३५ वटा।
- आप्रवाशी स्रोत उपकेन्द्रमा सुचना परामर्श — ४३९२ जना
- उजुरी दर्ता २५ वटा, उजुरी समाधान १२ वटा
- सामुदायिक अभिमुखिकरण कार्यक्रम — ४५ वटा
- बित्तिय साक्षरता कक्षा संचालन ११ वटा (वडा न. १ र ९ मा)
- मनोसामाजिक परामर्श कक्षा संचालन २५ वटा सम्पन्न भएको।

रेमी परियोजना अन्तर्गतः

- मानसिक स्वस्थ्य सम्वन्धी बिद्यालय अभिमुखिकरण १० वटा।
- लैगिक हिंसा लाल्छना सम्वन्धी सचेतना कार्यक्रम (लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान अन्तर्गतका क्रियाकलाप)
- विप्रेषण ब्यवस्थापन कक्षा संचालन (बचत एवं ऋण भुक्तानी) (साप्ताहिक कक्षा)
- मनोसामाजिक सेवाका लागि स्वस्थ्य स्वयंसेविका परिचालन ।

- अन्तराष्ट्रिय आप्रवासी कामदार दिवस डिसेम्वर १८ मनाईएको।
- उद्यमशिलता तालिम साथै स्वरोजगार तथा उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सम्पन्न।

**(१२) सूचना अधिकारी र प्रमुखको नाम र पद :**

कार्यालय प्रमुख, प्रमुख प्रशासकीय अधिकृत : श्री अभय कुमार गुप्ता
सूचना अधिकारी : ई. रोशन ठाकुर

**(१३) ऐन, नियम, निर्देशिका र कार्यविधिको सूची**

उर्लाबारी नगरपालिकाको कार्यपालिका र सभाद्वारा पारित ऐन, नियमहरू :

| | |
|---|---|
| क. ऐन | - ४४ वटा |
| ख. आचारसंहिता | - ३ वटा |
| ग. निर्देशिका | - १५ वटा |
| घ. कार्यविधि | - ७६ वटा |
| ङ. नियमावली | - १२ वटा |
| च. नीति | - ३ वटा |
| छ. मापदण्ड | - २ वटा |

## (१४) आर्थिक विवरण :

आर्थिक प्रशासन शाखाबाट उपलब्ध भएको आ.व. २०८२/०८३ साउन देखि असोज मसान्तसम्मका महिनासम्म आय-व्ययको विवरण :

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, मोरङ
Office Code : ८०११३४०१३००

आय व्ययको बिबरण

FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/३२

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | Income(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ६७,४३,६४,०००.०० | ४६,८१,२६,०६७.८१ | ६९.४२ | २०,६२,३७,९३२.१९ |
| १३३११ समानिकरण अनुदान | १५,५०,००,०००.०० | १४,१७,४७,५००.०० | ९१.४५ | १,३२,५२,५००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २७,०७,६४,०००.०० | २४,७७,०३,४९२.८१ | ९१.४८ | २,३०,६०,५०७.१९ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १९,१७,००,०००.०० | २,८३,६९,३२३.०० | १४.८ | १६,३३,३०,६७७.०० |
| १३३१४ विषेश अनुदान चालु | ४,९०,००,०००.०० | ४,५०,६६,२४८.०० | ९१.९७ | ३९,३३,७५२.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ७९,००,०००.०० | ५२,३९,५०४.०० | ६६.३१ | २६,६०,४९६.०० |
| प्रदेश सरकार | ५,५३,५६,०००.०० | ४,८६,२३,४१५.४५ | ८७.८४ | ६७,३२,५८४.५५ |
| १३३११ समानिकरण अनुदान | १,४८,७८,०००.०० | १,४८,७८,०००.०० | १०० | ०.०० |
| १३३१२ शसर्त अनुदान चालु | ६९,२८,०००.०० | ६५,५५,१०१.०० | ९४.६२ | ३,७२,८९९.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,६०,५०,०००.०० | २,१५,१४,६९७.४५ | ८२.५९ | ४५,३५,३०२.५५ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ७५,००,०००.०० | ५६,७५,६१७.०० | ७५.६७ | १८,२४,३८३.०० |
| राजस्व बाडफाड | १९,८५,५३,८४४.०० | १८,२०,५३,१३८.९० | ९१.६९ | १,६५,००,७०५.१० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४,००,००,०००.०० | ३,५८,१०,६६८.०० | ८९.५३ | ४१,८९,३३२.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ९,१४,५९,००८.०० | ८,२०,५१,४७७.१६ | ८९.७१ | ९४,०७,५३०.८४ |
| ११४२१ बाँडफाँड भ०इ प्राप्त हुने अन्त:शुल्क | २,९९,८६,३३६.०० | ३,६९,७९,९९१.५७ | १२३.३२ | (६९,९३,६५५.५७) |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,२३,३५,०००.०० | १,१२,९३,११०.८२ | ९१.५५ | १०,४१,८०९.१८ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ३,८८,५००.०० | ५,६४,२८५.०० | १४५.२५ | (१,७५,७८५.००) |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३८,८५,०००.०० | १७,००,३१६.६० | ४३.७७ | २१,८४,६८३.४० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २,०५,००,०००.०० | १,३६,५३,२०९.७५ | ६६.५९ | ६८,४६,७९०.२५ |
| अन्तरिक श्रोत | २५,७३,५४,६५६.०० | १३,५८,३७,१७५.८० | ५२.७८ | १२,१५,१७,४८०.२० |
| ११३१३ सम्पती कर | ९५,००,०००.०० | १७,८४,३६९.२३ | १८.७८ | ७७,१५,६३०.७७ |
| ११३१४ भुमिकर/मालपोत | ९०,००,०००.०० | ८६,७९,५२०.८८ | ९६.४४ | ३,२०,४७९.१२ |
| ११३१७ वहाल कर | ८०,००,०००.०० | १,४२,१८,२२०.५० | १७७.७३ | (६२,१८,२२०.५०) |
| ११३१८ वहाल विटौरी कर | ७५,००,०००.०० | ८,९१,२३४.०० | ११.८८ | ६६,०८,७६६.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ५,००,०००.०० | २,०२,३००.०० | ४०.४६ | २,९७,७००.०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १४,००,०००.०० | ०.०० | ० | १४,००,०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | ५०,०००.०० | ८,६००.०० | १७.२ | ४१,४००.०० |
| ११६९१ अन्य कर | २५,००,०००.०० | १३,४००.०० | ०.५४ | २४,८६,६००.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३,००,०००.०० | ४,७४,२८०.०० | १५८.०९ | (१,७४,२८०.००) |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १,००,०००.०० | १२,०००.०० | १२ | ८८,०००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४,००,०००.०० | १,१०,८७०.०० | २७.७२ | २,८९,१३०.०० |
| १४२२१ न्यायिक दस्तूर | २५,०००.०० | १५,८००.०० | ६३.२ | ९,२००.०० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ५१,३८,३३,४७४.०० | ४५,७४,८८,८२४.१८ | ८९.०३ | ५,६३,४४,६४९.८२ |
| २११११ पारिश्रमिक कर्मचारी | ११,२५,०५,५००.०० | ९,७४,८०,७३६.९८ | ८६.६५ | १,५०,२४,७६३.०२ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ८५,००,०००.०० | ७९,१७,५००.०० | ९३.१५ | ५,८२,५००.०० |
| २११२१ पोशाक | १९,२०,०००.०० | १७,६९,५००.०० | ९२.१६ | १,५०,५००.०० |
| २११३२ महंगी भत्ता | १,००,९६,०००.०० | ८६,५६,१६६.०० | ८५.७४ | १४,३९,८३४.०० |
| २११३३ फिल्ड भत्ता | ११,३०,०००.०० | १०,४०,०००.०० | ९२.०४ | ९०,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ७,५०,०००.०० | ७,५०,०००.०० | १०० | ०.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ४,८५,०००.०० | २,७५,०००.०० | ५६.७ | २,१०,०००.०० |
| २११३९ अन्य भत्ता | ५५,००,०००.०० | ५२,६९,६६२.०० | ९५.८१ | २,३०,३३८.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३३,१३,०००.०० | २२,५५,०२९.०० | ६८.०६ | १०,५७,९७१.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | २०,००,०००.०० | २०,००,०००.०० | १०० | ०.०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | १९,८४,०००.०० | १७,८०,७५६.३४ | ८९.७६ | २,०३,२४३.६६ |
| २२१११ पानी तथा बिजुली | ५५,००,०००.०० | ३७,५७,८८२.५३ | ६८.३३ | १७,४२,११७.४७ |
| २२११२ संचार महसुल | १५,२०,०००.०० | ९,९८,७५०.०० | ६५.७ | ५,२१,२५०.०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | १३,६०,०००.०० | १३,४२,१८८.३५ | ९८.६९ | १७,८११.६५ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २५,७०,०००.०० | २१,६०,४३७.०० | ८४.०६ | ४,०९,५६३.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३९,५६,०००.०० | ३३,०७,२६२.०० | ८३.६ | ६,४८,७३८.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५,०८,०००.०० | ३,६९,८६७.५७ | ७२.८१ | १,३८,१३२.४३ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २५,४०,०००.०० | २४,३१,१११.०० | ९५.७१ | १,०८,८८९.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १९,७०,०००.०० | १९,५९,६३७.६१ | ९९.४७ | १०,३६२.३९ |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १,००,०००.०० | ९७,३००.०० | ९७.३ | २,७००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५६,५०,०००.०० | ५०,४७,२५६.०० | ८९.३३ | ६,०२,७४४.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३,२५,०००.०० | ३,०५,६६०.०० | ९४.०५ | १९,३४०.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १,००,०००.०० | ११,११०.०० | ११.११ | ८८,८९०.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३९,६१,०००.०० | ३९,३९,७४७.०० | ९९.४६ | २१,२५३.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ३८,३९,०००.०० | ३६,४६,२२४.०० | ९४.९८ | १,९२,७७६.०० |
| २२४११ सेवा र परामर्श खर्च | २३,००,०००.०० | २१,५३,३९०.०० | ९३.६३ | १,४६,६१०.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ९,९०,०००.०० | ६,८५,२९४.०० | ६९.२२ | ३,०४,७०६.०० |
| २२४१३ करार सेवा शुल्क | १८,०४,१७,०००.०० | १७,४०,५४,३६६.६८ | ९६.४७ | ६३,६२,६३३.३२ |
| २२४१४ सरसफाईसेवा शुल्क | ५१,५९,०३५.०० | ४१,३८,४२०.०० | ८०.२२ | १०,२०,६१५.०० |
| २२४१९ अन्य सेवा शुल्क | १०,००,०००.०० | ९,९२,४३४.०० | ९९.२४ | ७,५६६.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ५,००,०००.०० | ३४,९८०.०० | ७ | ४,६५,०२०.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ९२,७५,९४४.०० | ७२,५२,२५०.०० | ७८.१८ | २०,२३,६९४.०० |

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, मोरङ
**Office Code : ८०११३४०१३००**

**आय व्ययको बिवरण**

FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/३२

**आय**

| | | | | |
|---|---|---|---|---|
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ३,००,०००.०० | ४,६२,३५०.०० | १५४.१२ | (१,६२,३५०.००) |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २०,५०,०००.०० | २२,१७,४२९.०७ | १०८.१७ | (१,६७,४२९.०७) |
| १४२४२ नक्सापास दस्तुर | १,२९,००,०००.०० | ६४,४०,३१८.९४ | ४९.९२ | ६४,५९,६८१.०६ |
| १४२४३ सिफारिश दस्तुर | १,४०,००,०००.०० | १,१२,९४,१३४.४६ | ८०.६७ | २७,०५,८६५.५४ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ७,००,०००.०० | ८,५१,१२०.०० | १२१.५९ | (१,५१,१२०.००) |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३,५०,०००.०० | २,९१,०१९.०० | ८३.१५ | ५८,९८१.०० |
| १४२४९ अन्य दस्तुर | ९५,००,०००.०० | ६९,५८,९४४.०५ | ७३.२५ | २५,४१,०५५.९५ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०,००,०००.०० | ४,६१,७५०.०० | ४६.१८ | ५,३८,२५०.०० |
| १४२६५ अन्य क्षेत्रको आय | ८,९५,००,०००.०० | ०.०० | ० | ८,९५,००,०००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ३,००,०००.०० | ६,३४,३९२.०० | २११.४६ | (३,३४,३९२.००) |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | ४,००,०००.०० | ३,८८,७८५.५० | ९७.२ | ११,२१४.५० |
| १४५२९ अन्य राजस्व | २०,०००.०० | ९,०००.०० | ४५ | ११,०००.०० |
| १४६११ व्यवसाय कर | १,१४,०५,०००.०० | १,०६,२०,२४१.६६ | ९३.१२ | ७,८४,७५८.३४ |
| १५१११ बेरूजू | ३,००,०००.०० | ३२,६०,१८२.९० | १०८६.७३ | (२९,६०,१८२.९०) |
| ३२१२२ बैंक मौज्दात | ७,४९,५४,६५६.०० | ६,५५,३६,९१३.६१ | ८७.४४ | ९४,१७,७४२.३९ |
| जनसहभागिता | २,००,००,०००.०० | ०.०० | ० | २,००,००,०००.०० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | २,००,००,०००.०० | ०.०० | ० | २,००,००,०००.०० |
| जम्मा | १,२०,५६,२८,५००.०० | ८३,४६,३९,७९७.९६ | ६९.२२ | ३७,०९,८८,७०२.०४ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२५२२ कार्यक्रम खर्च | ६,५५,९२,१२१.०० | ५,२४,८१,८४१.१२ | ८०.०१ | १,३१,१०,२७९.८८ |
| २२५२९ विविध कार्यक्रम खर्च | ६८,५८,१६१.०० | ५६,८७,५८५.०० | ८२.९३ | ११,७०,५७६.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३०,८१,३२३.०० | ३०,३९,४३५.०० | ९८.६४ | ४१,८८८.०० |
| २२६१२ भ्रमण खर्च | २,५०,०००.०० | १,५४,४३२.०० | ६१.७७ | ९५,५६८.०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ३,३०,०००.०० | २,०२,३५०.०० | ६१.३२ | १,२७,६५०.०० |
| २२६१९ अन्य भ्रमण खर्च | ३,९०,०००.०० | ३,८८,००२.०० | ९९.४९ | १,९९८.०० |
| २२७११ विविध खर्च | १,४८,८०,०००.०० | १,१३,०५,५०२.०० | ७५.९८ | ३५,७४,४९८.०० |
| २२७२१ सभा सञ्चालन खर्च | १०,००,०००.०० | ९,०३,८४६.०० | ९०.३८ | ९६,१५४.०० |
| २४२११ आन्तरिक ऋणको ब्याज | १०,००,०००.०० | १०,००,०००.०० | १०० | ०.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ३५,०८,०००.०० | २८,४०,९००.०० | ८०.९८ | ६,६७,१००.०० |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | १,५०,०००.०० | १,४९,४५०.०० | ९९.६३ | ५५०.०० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ५,८२,५००.०० | ५,००,५८९.०० | ८५.९४ | ८१,९११.०० |
| २५३१५ अन्य सस्था सहायता | ३,२५,०००.०० | २,८८,७००.०० | ८८.८३ | ३६,३००.०० |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | १,५०,०००.०० | १,५०,०००.०० | १०० | ०.०० |
| २७१११ सामाजिक सुरक्षा | १,१६,७०,०००.०० | १,१६,५५,०००.०० | ९९.८७ | १५,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ५,६०,०००.०० | ५,३९,९००.०० | ९६.४१ | २०,१००.०० |
| २७२११ छात्रवृत्ति | ४०,१५,०००.०० | २७,७१,४००.०० | ६९.०३ | १२,४३,६००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ५७,७४,८९०.०० | ५६,९५,५००.०० | ९८.६३ | ७९,३९०.०० |
| २७२१३ औषधीखरिद खर्च | ६४,८२,०००.०० | ५९,०७,१७७.०० | ९१.१३ | ५,७४,८२३.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ११,१०,०००.०० | १०,०८,९३१.०० | ९०.८९ | १,०१,०६९.०० |
| २८१४१ जग्गाको भाडा | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २८१४२ घरभाडा | ३,००,०००.०० | ३,००,०००.०० | १०० | ०.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | २,००,०००.०० | १,५८,३४०.०० | ७९.१७ | ४१,६६०.०० |
| २८१४९ अन्य भाडा | १,००,०००.०० | ९३,६५०.०० | ९३.६५ | ६,३५०.०० |
| २८२११ राजस्व फिर्ता | १,००,०००.०० | १,००,०००.०० | १०० | ०.०० |
| २८२१२ न्यायिक फिर्ता | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २८२१९ अन्य फिर्ता | ३१,००,०००.०० | २२,८६,३७६.०० | ७३.७५ | ८,१३,६२४.०० |
| २८९११ भैपरी आउने चालु खर्च | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| पूंजीगत | ६९,१७,९५,०२६.०० | ३३,६०,९९,६७९.०२ | ४८.५८ | ३५,५६,९५,३४६.९८ |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | २,००,०००.०० | १,८३,४४७.०० | ९१.७२ | १६,५५३.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३,८७,००,०००.०० | ३,१२,५३,६७२.४५ | ८०.७६ | ७४,४६,३२७.५५ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ८६,७०,०००.०० | ८३,१६,९४९.०० | ९५.९३ | ३,५३,०५१.०० |
| ३११२१ सवारी साधन | ४५,००,०००.०० | ४१,२४,४००.०० | ९१.६५ | ३,७५,६००.०० |
| ३११२२ मेशिनरी तथा औजार | १,३२,९४,४००.०० | १,१९,१६,९१४.०० | ८९.६४ | १३,७७,४८६.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ३५,५७,९८८.०० | ३५,५२,२४९.०० | ९९.८४ | ५,७३९.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ८,००,०००.०० | ५,००,०००.०० | ६२.५ | ३,००,०००.०० |

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, मोरङ
Office Code : ८०११३४०१३००

आय व्ययको विवरण

FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/३२

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११३५ पूँजीगत परामर्श खर्च | ६१,००,०००.०० | ५५,८७,५००.०० | ९१.६ | ५,१२,५००.०० |
| | ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ८,५०,०००.०० | ८,४१,८५०.०० | ९९.०४ | ८,१५०.०० |
| | ३११५१ सडक तथा पूल निर्माण | ४१,१७,२८,९७५.०० | १३,००,६६,७१८.०० | ३१.५९ | २८,१६,६२,२५७.०० |
| | ३११५३ विद्युत संरचना निर्माण | २९,००,०००.०० | २०,२८,२१७.०० | ६९.९४ | ८,७१,७८३.०० |
| | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४८,५०,०००.०० | २६,३२,४७४.०० | ५४.२८ | २२,१७,५२६.०० |
| | ३११५५ सिंचाई संरचना निर्माण | ७,६७,४७१.०० | ४,८३,८६७.०० | ६३.०५ | २,८३,६०४.०० |
| | ३११५६ खानेपानी संरचना निर्माण | २,४४,०००.०० | २,१२,५००.०० | ८७.०९ | ३१,५००.०० |
| | ३११५७ वन तथा वातावरण संरक्षण | १,६३,००,०००.०० | १,३९,८७,२०९.५० | ८५.८१ | २३,१२,७९०.५० |
| | ३११५८ सरसफाई संरचना निर्माण | १४,००,०००.०० | १३,४०,३६७.०० | ९५.७४ | ५९,६३३.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | १६,३४,४१,१९२.०० | ११,३७,८३,४५९.०० | ६९.६२ | ४,९६,५७,७३३.०० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४७,००,०००.०० | ४६,७९,०४०.०७ | ९९.५५ | २०,९५९.९३ |
| | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३०,००,०००.०० | २,५०,०००.०० | ८.३३ | २७,५०,०००.०० |
| | ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ५७,९१,०००.०० | ३,५८,८४६.०० | ६.२ | ५४,३२,१५४.०० |
| | वित्तीय | ०.०० | ०.०० | ० | ०.०० |
| | ३२१५९ अन्य संस्थामा शेयर लगानी बिक्री | ०.०० | ०.०० | ० | ०.०० |
| | जम्मा | १,२०,५६,२८,५००.०० | ७९,३५,८८,५०३.२० | ६५.८२ | ४१,२०,३९,९९६.८० |

नि. प्रमुख प्रशासकीय अधिकृत

**(१५) अघिल्लो आ.व. मा सञ्चालित कार्यक्रमहरू :**

अघिल्लो आ.व. मा सञ्चालित कार्यक्रमहरू नगरपालिकाको वेभसाईट www.urlabarimun.gov.np मा हेर्न सकिनेछ ।

**(१६) सार्वजनिक निकायको वेभसाईट :**

यस नगरपालिका कार्यालयको वेभसाईट www.urlabarimun.gov.np रहेको छ ।

**(१७) बजेट तथा कार्यक्रम :**

यस आ.व. को बजेट तथा कार्यक्रम नगरपालिकाको वेभसाईट www.urlabarimun.gov.np मा हेर्न सकिनेछ ।

**(१८) यस कार्यालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली** :सबै सूचना खुल्ला रहेको छ ।

**(१९) सम्पर्क ठेगाना :**

उर्लाबारी नगरपालिका्

नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी–४, आईतबारे

कोशी प्रदेश, नेपाल

सम्पर्क नं. ०२१–५४१५१८

दमकल सेवा : ०२१–५४०००० , ९८५२०४२४५९

सूचना अधिकारी : ९८५२०४२००२

ईमेल : urlabarinagarpalika@gmail.com

वेभसाईट : urlabarimun.gov.np